लोक सेवा आयोग

(लिखित परीक्षा नतिजा प्रकाशन शाखा)

सूचना नं. ५४२ /०८३-८४ कमलपोखरी, काठमाडौं ।

मितिः–२०८३।६।२२

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरु मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम थर भएका उम्मेदवारहरु उत्तीर्ण भई अन्तिम चरणको परीक्षा, सामूहिक छलफल र अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । **अन्तिम चरणको परीक्षा, सामूहिक छलफल र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु र दरखास्त फारामको प्रथम र द्वितीय पाना २/२ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा उक्त प्रमाणपत्रहरुको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजू गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरु नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ** । छनौट भएका उम्मेदवारले देहायको स्थान, मिति र समयमा हुने अन्तर्वार्ता दिन आउँदा माथि उल्लिखित सक्कल कागजात र प्रवेशपत्र लिई १(एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनु पर्नेछ । अन्तिम चरणको परीक्षा, सामूहिक छलफल र अन्तर्वार्ताको दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत सञ्चालन हुनेछ ।

सेवा,समूहः संघीय संसद, सामान्य प्रशासन **पदः** शाखा अधिकृत वा सो सरह **तह/श्रेणीः** रा.प.तृतीय

लि.प. सञ्चालन मितिः २०८३।२।१३ र १४ गते **नतिजा प्रकाशन गर्ने कार्यालयः** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।

विज्ञापन नं. ०८२-८३	१६७००
किसिमः	आ.प्र.
माग पद संख्याः	१
लि.प.मा सम्मिलित संख्या	१३
छनौट संख्या	३

ब. क्र. नं.	रोल नं.	उम्मेदवारको नाम, थर	बाबुको नाम	बाजेको नाम
१.	८७०००८	रामप्रसाद सापकोटा	दुर्गाप्रसाद	रत्नाखर
२.	८७००१०	विनोद ज्ञवाली	विष्णुप्रसाद	टेकराज
३.	८७००१५	विशाल अर्याल	वासुदेव	हरिप्रसाद

अन्तिम चरणको परीक्षा हुने स्थान, मिति र समयः

स्थानः लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर ।

ब. क्र. नं.	मिति	समय	परीक्षा कार्यक्रम
१-३	२०८३।७।१० गते	दिनको ११:०० बजे	नेपाली बोध तथा अभिव्यक्ति र English Comprehension
		दिनको १:०० बजे	समस्या समाधान र मनोवैज्ञानिक परीक्षण

सामूहिक छलफल र अन्तर्वार्ता हुने स्थान, मिति र समयः

स्थानः लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी ।

ब. क्र. नं.	मिति	सामूहिक छलफल	अन्तर्वार्ता कार्यक्रम
१-३	२०८३।७।११ गते	दिनको १०:३० बजे	दिनको ११:०० बजे

(छविलाल श्रेष्ठ)
शाखा अधिकृत

(कृष्णप्रसाद हुमागाई)
शाखा अधिकृत

(उमेशकुमार पोखरेल)
उपसचिव